annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २४, अंक २५०, पृष्ठ ८ | काठमाडौं, आइतबार ४ माघ २०८२ | माघ कृष्णपक्ष औंसी, नेपाल संवत् ११४६ | SUNDAY, JANUARY 18, 2026 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# कांग्रेसका जिल्ला सभापति, कोषको अध्यक्ष

राष्ट्रिय प्रकृति संरक्षण कोषको अध्यक्ष वन तथा वातावरणमन्त्री हुने प्रचलन छ । तर, यसपटक कोषको अध्यक्ष भने मन्त्रीबाट हटिसकेका कांग्रेस मुगुका सभापति ऐनबहादुर शाही नै छन् । भदौ २३ र २४ को जेन-जी आन्दोलनपछि वनमन्त्रीबाट च्युत भएका शाहीले अध्यक्षकै हैसियतमा कोषको सदस्य सचिव नियुक्ति मात्रै गरेनन्, कोषमा हालीमुहाली गरिरहेका छन् । जबकी अन्तरिम सरकारका वनमन्त्री माधव चौलागाईं छन् ।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

समाचार पृष्ठ २




ऐनबहादुर शाही ठकुरी
अध्यक्ष

## एमालेले अधिकांश उम्मेदवार टुंग्यायो, अध्यक्ष ओली झापा ५ मा

**अन्नपूर्ण** | *काठमाडौं*

एमालेले फागुन २१ गते घोषित प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फका पार्टीका अधिकांश उम्मेदवारको टुंगो लगाएको छ। शनिबार बसेको सचिवालय बैठकले केही क्षेत्रको बाँकी राखेर अधिकांश उम्मेदवारको नामावली सार्वजनिक गरेको छ। अध्यक्ष केपी शर्मा ओलीलाई झापा ५ बाट उम्मेदवार बनाउने निर्णय गरेको उपमहासचिव लेखराज भट्टले जानकारी दिए।

२०४८ सालको आमनिर्वाचनपछि ओली लगातार झापाबाट चुनावमा उठ्ने गरेका छन्। ०६४ सालको संविधानसभा निर्वाचनबाहेक सबैमा उनले जितेका थिए। यसपटक ओलीको क्षेत्रमा काठमाडौंका मेयर बालेन शाह उम्मेदवार बन्ने तयारी गरेका छन्।

यस्तै, एमाले उपाध्यक्ष विष्णुप्रसाद पौडेल पाल्पा २ बाट, उपाध्यक्ष गोकर्ण विष्ट गुल्मी २ बाट उम्मेदवार बनेका छन्। उपाध्यक्ष पौडेल भने रुपन्देही छोडेर पाल्पा गएका छन्। २०७९ मा पौडेल रुपन्देहीबाट निर्वाचित भएका थिए। उपाध्यक्ष पृथ्वीसुब्बा गुरुङ साविककै लम्जुङबाट उठ्ने भएका छन्।

तर, महासचिव शंकर पोखरेलको निर्वाचन क्षेत्र दाङ २ को टुंगो लागेको छैन। उपमहासचिव लेखराज भट्ट कैलाली ४ बाट चुनावमा उठने भएका छन्। अर्का उपमहासचिव रघुवीर महासेठ धनुषा ४ बाट उम्मेवार बन्नेछन्। उपमहासचिव योगेश भट्टराई उठ्दै आएको ताप्लेजुङको उम्मेदवार टुंग्याउन बाँकी छ।

सचिव शेरधन राईलाई भोजपुर र अर्का सचिव भानुभक्त ढकाललाई तेह्रथुममा टिकट दिइएको छ। त्यस्तै सचिव महेश बस्नेत भक्तपुर २ बाट उठ्ने भएका छन्। हालै कांग्रेस छोडेर आएका पूर्वमन्त्री वीरेन्द्र कनौडियालाई कपिलवस्तुबाट उम्मेदबार बनाइएको छ। प्रदीप ज्ञवाली गुल्मी १ बाट चुनाव लड्ने भएका छन्।

ओलीसँग प्रतिस्पर्धी रहेका ईश्वर पोखरेलले उठ्दै आएको काठमाडौं ५, काभ्रे २ गोकुल बास्कोटाको क्षेत्र भने टुंग्याउन बाँकी नै छ।

एमाले सचिव महेश बस्नेतले ओलीलाई भावी प्रधानमन्त्रीका रूपमा अगाडि सार्ने निर्णय बैठकले गरेको बताए। एमालेले पूर्णबहुमत ल्याउने अवस्था कायम रहेकाले त्यसलाई जोगाउन पार्टी दृढतापूर्वक लाग्ने उनले बताए।

## कांग्रेस : आशाबाट जिम्मेवारीतर्फ

विश्लेषण

**विद्युत् लामिछाने**

नेपाली राजनीतिमा गगन थापा अब 'उदाउँदै गरेको सम्भावना' मात्र होइनन्। उनी नेपाली कांग्रेसका सभापति हुन्- पार्टीलाई समेट्दै अघि बढाउने जिम्मेवारीसँगै, दशकौंदेखि जरा गाडेर बसेका संरचनात्मक कमजोरीहरूलाई सम्बोधन गर्नुपर्ने दायित्व बोकेको नेतृत्व। विशेष महाधिवेशनपछि उनले भनेका छन्, 'यो विद्रोह होइन, कांग्रेसको पुनर्जन्म हो।' यो भनाइ भावनात्मक उद्घोष मात्र होइन; एउटा गम्भीर राजनीतिक दाबी हो। किनभने पुनर्जन्मको अर्थ यहाँ केवल अनुहार फेर्नु होइन, कांग्रेसले राजनीति गर्ने तरिका, निर्णय गर्ने संस्कार र सार्वजनिक जवाफदेहिताको मानक बदल्नु हो।

**गौरवशाली इतिहास र संरचनात्मक जडता**

कांग्रेसको इतिहास गौरवशाली छ। बीपी कोइरालाले रोपेको वैचारिक बीउ–लोकतन्त्र, सामाजिक न्याय र व्यक्तिगत स्वतन्त्रताको संयोजनले पार्टीलाई दशकौं मार्गदर्शन गर्‍यो। तर, समयसँगै कांग्रेसभित्र एउटा पुरानो संरचना मजबुत हुँदै गयो, जसले पार्टीलाई बाहिर लोकतान्त्रिक देखाए पनि भित्र निर्णय प्रक्रियालाई केन्द्रीकृत, अपारदर्शी र व्यक्ति-आधारित बनाउँदै लग्यो। नीति बहसभन्दा सत्ता व्यवस्थापन प्राथमिक बन्न थाल्यो र संगठन क्रमशः प्रतिक्रियात्मक हुँदै गयो। यही संरचनात्मक जडताले कांग्रेसलाई पटक-पटक जनअपेक्षा र भुइँतहका कार्यकर्ताको भावनाबाट टाढा पुर्‍यायो।

**गुटतन्त्र र पहुँचको राजनीति**

पार्टीभित्रको सबैभन्दा गहिरो समस्या गुट र उपगुटको दीर्घकालीन प्रभाव हो। नीति र विचारभन्दा निष्ठा, पहुँच र आन्तरिक



समीकरणलाई प्राथमिकता दिने निर्णय संस्कारले कांग्रेसको संस्थागत क्षमतालाई कमजोर बनायो। योग्य, जनस्वीकृत र नीतिगत रूपमा स्पष्ट कार्यकर्ताहरू धेरैपटक निर्णायक प्रक्रियाबाट बाहिर रहे, पहुँच-केन्द्रित निर्णयले संगठनको विश्वसनीयतामाथि प्रश्न उठायो। यही प्रवृत्तिले कांग्रेसलाई आफ्नै एजेन्डाबाट बिचलित बनायो र चुनावी मैदानमा अनावश्यक क्षति बेहोर्न बाध्य बनायो।

**टिकट वितरण : योग्यता कि समीकरण ?**

टिकट वितरण यसै संरचनात्मक समस्याको सबैभन्दा प्रत्यक्ष अभिव्यक्ति रहँदै आएको छ। योग्यता, स्थानीय स्वीकार्यता र इमानदारीभन्दा आन्तरिक समीकरण, आर्थिक हैसियत र पहुँचका आधारमा टिकट बाँडिएको आरोप कांग्रेसका लागि नयाँ होइन। यही अभ्यासले धेरै सक्षम र जनतामा विश्वास भएका नेताहरूलाई किनारामा राख्यो र कमजोर उम्मेदवारलाई प्रतिस्पर्धामा उतार्‍यो। परिणाम स्वरूप, भ्रष्टाचार, कुशासन र अनियमितताविरुद्ध कडा भाषण भए पनि चुनावी मैदानमा नैतिक बल कमजोर भएको अनुभूति जनतामा रहिरह्यो।

» बाँकी पृष्ठ ६

## ग्रीनल्यान्डबारे अमेरिकालाई समर्थन नगर्नेलाई शुल्क लगाइने : ट्रम्प

**कोपनहेगन** (एजेन्सी): अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ग्रीनल्यान्डको विषयमा अमेरिकालाई समर्थन नगर्ने देशहरूविरुद्ध आर्थिक शुल्क लगाउन सकिने संकेत दिएका छन्।

यो टिप्पणी त्यतिबेला सार्वजनिक भएको हो, जब दुई पार्टीका अमेरिकी संसद सदस्यहरू डेनमार्कको राजधानीमा सम्बन्ध सुधार र संवादलाई प्रवर्द्धन गर्न पुगेका थिए।

ट्रम्पले लामो समयदेखि अमेरिकाको नियन्त्रणमा ग्रीनल्यान्ड रहन आवश्यक रहेको विषयमा जोड दिइरहेका छन्। यसै सन्दर्भमा उनले यस साता स्पष्ट रूपमा भने कि आर्कटिकको उक्त टापु अमेरिकी नियन्त्रणमा नहुँदा स्वीकार्य छैन।

ह्वाइट हाउसमा ग्रामीण स्वास्थ्य सम्बन्धी कार्यक्रममा उनले भने, 'ग्रीनल्यान्डको मामिलामा पनि हामी आवश्यक कदम चाल्न सक्ने अवस्था छ। यदि देशहरूले सहयोग गरेनन् भने आर्थिक शुल्क लगाउने विकल्पमा विचार गर्न सकिन्छ। राष्ट्रिय सुरक्षाका दृष्टिले ग्रीनल्याण्ड महत्वपूर्ण छ।'

» बाँकी पृष्ठ ६

# कांग्रेसमा टिकट बाँड्न बोर्ड गठन, देउवा पक्ष अदालत जाने


**राधा खनाल** | *काठमाडौं*

पूर्वसभापति शेरबहादुर देउवाको हस्ताक्षरमा बुझाइएको समानुपातिकतर्फको बन्दसूचीको स्वामित्व लिँदै कांग्रेसले प्रत्यक्षतर्फका उम्मेदवार चयनका लागि बोर्ड गठन गरेको छ। फागुन २१ मा निर्धारित प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षतर्फका उम्मेदवारको मनोनयन मंगलबार तोकिएकाले कांग्रेसले पार्टीका उम्मेदवार चयनको गृहकार्य अघि बढाएको हो।

पार्टी सभापति गगन थापा, उपसभापति, महामन्त्री, सहमहामन्त्रीसहित १३ सदस्यीय बोर्ड गठन गरिएको उपसभापति विश्वप्रकाश शर्माले जानकारी दिए। उनका अनुसार कांग्रेसले १ सय ६५ वटै निर्वाचन क्षेत्रमा उम्मेदवार दिने गरी गृहकार्य गरिरहेको छ। पार्टीमा आधिकारिताको विवादका कारण कांग्रेसले अरू दलभन्दा ढिलो गरी उम्मेदवार छनोट गर्दैछ।

पार्टी सभापति थापाको अध्यक्षतामा शनिबार साँझ बोर्डको बैठक बसेको थियो। निर्वाचन आयोगको निर्णयमा असन्तुष्टि जनाइरहेको पूर्वसभापति शेरबहादुर देउवा समूहलाई समेत समेट्ने गरी टिकट वितरण गर्ने तयारी भएको प्रवक्ता देवराज चालिसेले जानकारी दिए। 'सबैलाई समेट्ने प्रयास हुनेछ,' उनले भने, 'यो पक्ष वा त्यो पक्ष भन्ने हुँदैन। कांग्रेस हामी सबै सँगै छौं र एउटै हो। सभापति र उपसभापतिजीलगायत सबैको यही तयारी छ सबैलाई समेट्ने।'






यसअघि शेरबहादुर देउवाको हस्ताक्षरमा बुझाइएको समानुपातिक उम्मेदवारको सूचीको स्वामित्व लिने पनि कांग्रेसले निर्णय गरेको छ। चालिसेले समानुपातिकको स्वामित्व स्वाभाविक ढंगले लिनैपर्ने भएको बताए। 'केन्द्रीय समिति पार्टीको अविछिन्न उत्तराधिकारी संस्था भएकाले निर्वाचनसँग जोडिएका विषय स्वीकार गर्छौं,' चालिसेले भने, 'प्रत्यक्षतर्फको शनिबारदेखि छलफल हुन्छ। बोर्ड बनाएर जाने निर्णय भएको छ।'

कांग्रेसले सभापति थापाको नेतृत्वमा निर्वाचन घोषणापत्र समिति गठन गर्ने निर्णय गरेको छ भने उपसभापति विश्वप्रकाश शर्माको नेतृत्वमा निर्वाचन परिचालन समिति बनाउने निर्णय पनि गरेको छ।

यसअघि बसेको केन्द्रीय कार्यसमितिको बैठकले पूर्वपार्टी सभापति देउवालाई अभिभावकीय भूमिकामा निरन्तर रहन आग्रह गरेको छ। विभिन्न कारणले पार्टीबाट निष्क्रिय रहेका र पार्टी छाडेका सबै नेता, कार्यकर्तालाई पार्टीमा पुनः जोडिन पनि बैठकले आह्वान गरेको छ। निर्वाचन आयोगले कांग्रेसको दोस्रो विशेष महाधिवेशनका निर्णयहरूलाई संविधान, कानुन र पार्टी विधानअनुसार मान्यता दिई अद्यावधिक गरिसकेको परिप्रेक्ष्यमा उक्त निर्णय कसैको जितहार नभई विधान र लोकतन्त्रको विजय भएको समेत बैठकले निष्कर्ष निकालेको छ। कांग्रेसले पार्टीका पूर्वसभापति शेरबहादुर देउवाको अभिभावकीय भूमिकाको आवश्यकता रहेको भन्दै बैठकले देउवालाई अभिभावकीय भूमिकामा निरन्तर रहन आग्रह गर्ने निर्णय गरेको हो।

बैठकमा देउवाले पार्टीलाई पुर्‍याएको योगदान र प्रदान गरेको नेतृत्वको उच्च मूल्यांकन गर्दै आभार व्यक्त गर्ने निर्णय गरेको छ। बैठकमा सभापति थापाले भनेका थिए, 'पूर्वपार्टी सभापति शेरबहादुर देउवाले नेपाली कांग्रेसलाई पुर्‍याउनुभएको योगदान र दिनुभएको नेतृत्वको उच्च मूल्यांकन गर्दै आभार व्यक्त गर्ने निर्णय भएको छ। आगामी दिनमा पनि उहाँको अभिभावकीय भूमिका पार्टीका लागि निरन्तर रहिरहनेछ।' बैठकले निर्वाचन आयोगले कांग्रेसको विधान र संविधानअनुसार नै पार्टीलाई आधिकारिकता प्रदान गरिसकेको उल्लेख गर्दै यस विषयमा मुद्दामामिला नगर्न अर्को पक्षलाई आग्रह पनि गरिएको चालिसेले जानकारी दिए।

» बाँकी पृष्ठ ६